# वीरगंज महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

वीरगंज, पर्सा

प्रदेश नं.२, नेपाल

## करारमा सेवा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७८/०२/०३)

वीरगंज महानगरपालिकाको लागि स्वास्थ्य तथा सामाजिक विकास महाशाखा अन्तर्गत IHR हेल्थ डेस्क भन्सार नाका, इनरुवा वीरगंज, पर्सा को लागि देहायका पदका देहायका संख्या र योग्यताका आधारमा करार सेवामा राख्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। यसको फारम, कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा कार्यालयको वेबसाईट www.birgunjmun.gov.np बाट उपलब्ध हुनेछ।

| विज्ञापन नं. | पद नाम | तह | संख्या | शैक्षिक योग्यता | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १०/०७७/०७८ | मेडिकल अधिकृत | ८ | १ | • एम.वी.वी.एस कोर्ष उतीर्ण गरेको।<br>• नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको प्रमाण पत्र। | रु. १०००/- | |
| ११/०७७/०७८ | हे.अ. | ५ | ४ | • सामान्य चिकित्साप्रमाण पत्र तह (H.A.) कोर्ष उतीर्ण गरेको<br>• सम्वन्धित परिषद्मा दर्ता भएको प्रमाण पत्र | रु. ४००/- | |
| १२/०७७/०७८ | स्टाफ नर्स | ५ | १ | • नर्सिङ्ग विषयमा प्रवीणता प्रमाण पत्र तह उतीर्ण<br>• सम्वन्धित परिषद्मा दर्ता भएको प्रमाण पत्र | रु. ४००/- | |
| १३/०७७/०७८ | ल्याब टेक्निसियन | ५ | ३ | • ल्याब टेक्निसियन कोर्ष उतीर्ण गरेको।<br>• सम्वन्धित परिषद्मा दर्ता भएको प्रमाण पत्र | रु. ४००/- | |
| १४/०७७/०७८ | कार्यालय सहयोगी | श्रेणी विहिन | १ | • दश कक्षा उतीर्ण गरेको | रु. १००/- | |

**योग्यता:-**

१. नेपाली नागरिक।

२. अन्य प्रचलित कानुनद्वारा आयोग्य नभएको।

३. तह ५ को लागि दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको, तह ८ को लागि दरखास्त दिने अन्तिम मिति सम्म २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको।

४. श्रेणीविहिनको हकमा दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको।

५. महिला तथा अपाङ्ग उम्मेद्वारहरुको हकमा ४० वर्ष ननाघेको।

६. दरखास्तमा संलग्न गर्नुपर्ने:- उम्मेद्वोर व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित काउन्सिल वा परिषद्मा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ। पेश गरिने सबै प्रतिलिपि पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्ने।

७. सम्पर्क मिति: २०७८/०२/१८ गते २:०० बजे।

**परीक्षाको किसिम**

१. अन्तर्वार्ता

प्रमुख प्रशासकीय अधिकृत